मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

# शुभकामना

प्रदेश नं. १ को राजधानी विराटनगरमा हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट भगवान श्रीराधाकृष्णको रथयात्रा निकाल्ने ऐतिहासिक परम्परा छ । नेपालमा मात्र नभई दक्षिण एसियामै ठूलो मानिने यो रथयात्रामा लाखौं भक्तजन सहभागी हुने गरेका छन् । धार्मिक तथा सांस्कृतिक परम्पराका रुपमा निकालिने श्रीराधाकृष्ण रथयात्राको सफलताका शुभकामना व्यक्त गर्दै म यस अवसरमा सबैमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

विगतका दुई वर्ष कोरोना संक्रमणका कारण प्रभावित भएको रथयात्रा यस वर्ष पनि जोखिम हटी नसकेको अवस्थालाई मनन् गर्दै तद्अनुरुपको स्वास्थ्य मापदण्ड अपनाई आफ्नो सांस्कृतिक परम्परालाई अविच्छिन्न तुल्याउन म सबै श्रद्धालु भक्तजनहरूमा विशेष अपिल पनि गर्दछु । श्रीराधाकृष्ण रथयात्रा प्रदेश नं. १ कै महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक परम्परा हो । यस दिन प्रदेश सरकारले सार्वजनिक बिदा दिने प्रचलन केही वर्षदेखि सुरु गरेको छ ।

नेपाल सदियौंदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकका रुपमा रहेको छ । यो कुरालाई नेपालको संविधानले स्वीकारसमेत गरेको छ । त्यतिमात्र होइन यो विविधता नेपाल र नेपालीको पहिचान, गहना र सम्पत्तिसमेत बनिसकेको छ । त्यसैले सबै भाषा, धर्म, संस्कृति, चाडपर्व तथा परम्पराको संरक्षण एवम् सम्बर्द्धन गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो ।

हाम्रा जुनसुकै धार्मिक, सांस्कृति पर्व तथा परम्पराहरू राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यसबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरि पनि सबै श्रद्धालु भक्तजनहरूमा श्रीराधाकृष्ण रथयात्राका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७९ भाद्र ०४ गते, शनिबार